## नौमुले गाउँपालिका जेष्ठ नागरिक परिचय पत्र वितरण कार्यविधि २०७७

**नौमुले गाँउपालिका**

**गाँउकार्यपालिकाको कार्यालय**

**नौमुले ,दैलेख**

**कर्णाली प्रदेश,नेपाल**

गाउँकार्यपालिका बाट स्वीकृत मिति : २०७७/०५/१०
प्रमाणिकरण मिति : २०७७/०५/२०
प्रमाणित गर्नेको दस्तखत : ..........................

१

**नौमुले गाउँपालिका ज्येष्ठ नागरिक परिचय-पत्र वितरण कार्यविधी, २०७७**

**१.परिचय :**

ज्येष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरुप्रति श्रद्धा, सम्मान आदर तथा सद्भाव अभिवृद्धि गर्न साथै राज्यद्वारा तोकिएको सेवा एवं सुविधाको उचित व्यवस्थापन गरी नेपालको संविधानको अनुसूची-८ को क्र.सं. १६ बमोजिम तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम नौमुले गाँउ कार्यपालिकाको मिति **२०७७....।..... को बैठकले पारित गरि** यो कार्यविधी जारी गरिएको छ।

**२.परिचय-पत्र वितरणका आधार :**

नेपालको संविधानको धारा ४१ मा उल्लेख भएबमोजिम ज्येष्ठ नागरिकको हक तथा ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ अनुसार ज्येष्ठ नागरिकहरुलाई परिचय पत्र दिने व्यवस्था लगायत ज्येष्ठ नागरिक परिचय-पत्र वितरणका आधार हुनेछन्।

**३.उद्देश्य :**

क) ज्येष्ठ नागरिकहरुको पहिचान गर्ने र स्थानीय तहदेखि नै ज्येष्ठ नागरिकहरुको लगत राख्ने। उक्त लगत राख्ने कार्यमा एकरुपताका लागी अनुसूची २ को ढाँचामा लगत राख्नु पर्नेछ।

ख) नेपालको संविधान अनुसार प्रदत्त ज्येष्ठ नागरिकहरुको हक अधिकार सुनिश्चित गर्न र ज्येष्ठ नागरिकको वर्गीकरण अनुसार सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा, सुविधा र सहयोग सरल रुपमा प्रदान गर्ने।

ग) प्रचलित ऐन, नियम अनुसार ज्येष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा, न्याय, अधिकार र समानता प्रदान गरी निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी विकास प्रक्रियामा सहभागी गराउने।

**४.लक्षित वर्ग :**

ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ ले परिभाषित गरे अनुसारका साठी वर्ष उमेर पुरा गरेका सबै नेपाली नागरिकहरु।

**५.ज्येष्ठ नागरिकको वर्गीकरण :**

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १४ को उपनियम (१) बमोजिम ज्येष्ठ नागरिकहरुको वर्गीकरण देहायवमोजिम गरिएकोछ :

(क) साठी वर्ष पुरा गरी सत्तरी वर्ष उमेर पुरा नगरेको ज्येष्ठ नागरिक।

(ख) सत्तरी वर्ष उमेर पुरा गरेको वरिष्ठ ज्येष्ठ नागरिक।

(ग) असहाय ज्येष्ठ नागरिक।

(घ) अशक्त ज्येष्ठ नागरिक।

(ङ) एकल ज्येष्ठ नागरिक।

**६.परिचय-पत्र वितरणका मापदण्ड :**

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ बमोजिम साठी वर्ष उमेर पुगेको नेपाली नागरिकलाई मात्र ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्न सकिनेछ।

**७.ज्येष्ठ नागरिक परिचय-पत्रको ढांचा :**

ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचा यस निर्देशिकाको अनुसूची-१ बमोजिमको हुनेछ। ज्येष्ठ नागरिक परिचय-पत्रको आकार नेपाली नागरिकताको प्रमाण-पत्रको आकार बराबरको हुनेछ। उक्त परिचयपत्र एकातर्फ नेपाली भाषामा र पछाडि पट्टि अंग्रेजी भाषामा रुपान्तरण गरेको हुनेछ।

**८.परिचय-पत्र वितरण प्रक्रिया :**

(क) ज्येष्ठ नागरिक परिचय-पत्र प्राप्त गर्न साठी वर्ष उमेर पुगेको ज्येष्ठ नागरिक स्वयं वा निजको संरक्षकले सम्बन्धित स्थानीय तहका प्रमुख समक्ष निवेदन दिनुपर्नेछ।

(ख) निवेदनमा आफ्नो उमेर खुलेको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि र दुई प्रति अटो साइजको फोटो संलग्न हुनुपर्नेछ। यस प्रयोजनको लागि नागरिकताको प्रमाण-पत्र लाई आधार मानिनेछ।

ग) ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्ने अधिकारी स्थानिय तहको प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको पदाधिकारी हुनेछ।

घ) परिचय-पत्र प्राप्त ज्येष्ठ नागरिकहरूको लगत तोकिएबमोजिमको सफ्टवेयरमा कम्प्युटराइज गरी वडा तथा गाँउपालिका कार्यालय मार्फत वार्षिक रूपमा प्रदेश र संघको सम्बन्धित मन्त्रालयमा जानकारी गराउनु पर्नेछ।

ङ) ज्येष्ठ नागरिक परिचय-पत्रको प्रतिलिपि लिन सम्बन्धित स्थानीय तहको वडाको सिफारीसमा स्थानिय तहमा  निवेदन पेश गर्नु पर्नेछ।

च) यस गाँउपालिका बाहेक अन्य स्थानको नेपाली नागरिकताको प्रमाणपत्र भएमा अनिवार्य रुपमा निजले बसाई सराई वा मतदाता परिचय पत्र पेश गर्नुपर्नेछ।

छ) यस पूर्व महिला तथा बालवालिका कार्यालयवाट ज्येष्ठ नागरिकहरुले प्राप्त गरेको  परिचयपत्र यसै कार्यविधी बमोजिम भए गरेको हुनेछ।

**९.विविध :**

क) ज्येष्ठ नागरिक परिचय-पत्र वितरणका लागि सम्बन्धित स्थानीय तहले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ।

ख) गाँउपालिकालाई आवश्यक लागेमा कार्यपालिकाका जेष्ठ सदस्यको संयोजकत्वमा कार्यविधिले तोके बमोजिम सदस्य रहने गरि एक जेष्ठ नागरिक कल्याण समिति गठन गर्न सक्नेछ।

अनुसूची १
नौमुले गाँउपालिका
गाँउ कार्यपालिकाको कार्यालय,दैलेख
कर्णाली प्रदेश,नेपाल

**ज्येष्ठ नागरिक परिचय-पत्र**
**Senior Citizenship Card**

प्र.प. नं :-
**Card No.**

फोटो
Photo

नाम थर : ........................................... राष्ट्रियता
Name…………………………
Nationality……………………….
ना.प्र.प.नं: .......... Citizenship No.
ठेगाना : जिल्ला ........................गा.पा.: ........................... वडा नं. ..... टोल/गाउं .........
Address………………District…………….Rural Municipality ward No…
Tole/Village……….. Province No. ………………….
उमेर: ........... लिङ्ग: ........... जन्म मिति
Age …………………… Sex…………Date of birth ………………
उपलब्ध छुट तथा सुविधाहरु : ...................................
Available Service………………………………
पति/पत्नी/छोरा/छोरी को नाम : ........................................................
Name of Wife/Husband/ Daughter/son………………….
हेरचाह केन्द्रमा बसेको भए सोको विवरण: ..........................................................
संरक्षकको नाम, थर, सम्पर्क ठेगाना, मोवाइल नं. :.............................................
Name of caretaker, Contact No.
रक्त समूह र रोग भए रोगको नाम र सेवन गरिएको औषधिको नाम: .....................................
Blood Group …………..Diseases Name…………………….
Name of drugs …………………………

प्रमाणित गर्ने :-
दस्तखत :
नाम थर :
पद :
कार्यालय :

अनुसूची २

ज्येष्ठ नागरिक परिचय-पत्र अभिलेख विवरण

जिल्ला ..............गाँउपालिका ..........................वडा नं .............प्रदेश..........

| सि.नं. | नाम,थर | जन्म मिति | वुवा/आमाको नाम,थर | वाजेको नाम,थर | पति/पत्नीको नाम,थर | संरक्षको नाम, थर | ना.प्र.न. तथा जारी मिति र जिल्ला | ज्येष्ठ नागरिक परिचय पत्र नं तथा जारी मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

<u>तयार गर्ने</u>

नाम,थरः

पद :

<u>प्रमाणित गर्ने</u>

नाम,थर

पदः